# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः ८ मितिः २०८१।०६।०९



**भाग - २**

# स्थानीय रोजगार रणनीति,२०८१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगर कार्यपालिकाले यो "**स्थानीय रोजगार रणनीति,२०८१**" बनाई लागू गरेको छ।

# स्थानीय रोजगार रणनीति,२०८१

*नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८१/०४/०४*

## 1. रणनैतिक सन्दर्भ

**पृष्ठभूमि:**

नेपालको संघीय संरचना तीन तहको रहेको छ।तीनै तहका सरकारहरुलाई श्रम तथा रोजगारी सम्बन्धी संवैधानिक अधिकार प्राप्त छ। सबै तहका सरकारहरुले बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ। स्थानीय तहले आफ्नो क्षेत्रभित्र रोजगारीका सम्भावित अवसरहरुको पहिचान गरि रोजगारीको मागको प्रक्षेपण र आपूर्तिको अनुमान गरी माग र आपूर्ती बीच सन्तुलन कायम गर्न तथा रोजगारीका थप अवसरहरुको सिर्जना गर्न जरुरी रहेको छ।श्रम तथा रोजगारी अन्तरसम्बन्धित भएकोले मुलुकको समग्र आर्थिक अवस्था, रोजगारीका क्षेत्रमा हुने विकास, काम र श्रमिक प्रतिको हेर्ने दृष्टिकोणले पनि यस क्षेत्रलाई प्रभाव पार्ने गरेको देखिन्छ।देशमा उपलब्ध आन्तरिक रोजगारीका अवसरहरुमा बेरोजगार व्यक्तिहरुलाई आकर्षित गर्न काम प्रतिको सम्मान र कार्य गर्ने मर्यादित वातावरण सृजना गर्न सकिएमा देशको श्रम तथा रोजगारीका क्षेत्रमा बेरोजगार व्यक्तिहरुलाई नै संलग्न हुने अवस्था रहन्छ।

नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप श्रमशक्ति श्रम बजारमा प्रवेश गर्ने गर्दछन्।नयाँ श्रमशक्तिको लागि पर्याप्त रोजगारीका अवसर सृजना हुन नसकेका कारण श्रमको माग र आपूर्ति बीच ठूलो अन्तर रहेको देखिन्छ।नेपालको आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून रहेको छ।श्रम बजारमा प्रवेश गर्ने व्यक्तिको संख्याभन्दा कमै मात्रामा रोजगारी सिर्जना हुने गरेको अवस्था छ।परिणामस्वरुप अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जान बाध्य हुने गरेका छन्।नेपालमा जातजातिका आधारमा कामको बाँडफाँड गरिएको हुनाले उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरुमा सामाजिक प्रतिष्ठाका कारण युवाहरुलाई आकर्षण गर्न नसकेको अवस्था छ।देशमा आन्तरिक रोजगारीका अवसरलाई व्यवस्थापन गर्न नसकिदा दैनिक करिब १५०० ब्यक्ति वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ।औसतमा ६० प्रतिशत भन्दा बढी घरधुरीबाट कोही न कोही ब्यक्ति वैदेशिक रोजगारीमा रहेको देखिन्छ। नेपालको आन्तरिक श्रम बजारमा श्रमिकको माग आपूर्ति गर्न आवश्यक पर्ने श्रमिकको संख्या, ज्ञान, सीप, योग्यता र अनुभवको आधारमा सीपमूलक श्रमशक्तिको विकास गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण हुने देखिन्छ।

रोजगारी बहुआयामिक तथा अन्तरसम्बन्धित विषय हो रोजगारीको आफ्नो कुनै विशेष क्षेत्र हुँदैन।यो विभिन्न क्षेत्रहरूमा सिर्जना हुने हो।रोजगारी सिर्जना कुनै एक तह, क्षेत्र वा कार्यक्रमबाट हुने पनि

होईन। यसका लागि त सबै तह, क्षेत्र र कार्यक्रम बीच समन्वय र सहकार्य हुनु आवश्यक छ। गरिबी र रोजगारी अन्तरसम्बन्धित विषय रहेकोले गरिबी बढदा बेरोजगारी बढ्छ, रोजगारी बढ्दा बेरोजगारी घट्छ र यसले गरिबी घटाउन मदत गर्छ। रोजगारीले गरिबी तथा बेरोजगारी दर बीचको संतुलन कायम गरेको हुन्छ। त्यसैले दिगो आर्थिक वृद्धि, गरिबी तथा बेरोजगारी न्यूनीकरणको मुख्य आधार नै उत्पादनशील रोजगारी रहेको छ। उत्पादनशील रोजगारीले मानिसको आयआर्जन क्षमतालाई बढाउँछ र यसले बेरोजगारी तथा न्यून रोजगारलाई कम गर्दछ। शिक्षा र रोजगारी बीचको अन्तरसम्बन्ध पनि एकदम महत्वपूर्ण हुन्छ शिक्षाले नै स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय श्रम बजारका आवश्यकताहरु परिपूर्ति गर्ने सीपयुक्त दक्ष, सक्षम, प्रतिस्पर्धि जनशक्ति उत्पादन गर्ने काम गर्छ। प्राविधिक र जीवनोपयोगी शिक्षामा पहुँचको कमीका कारण देशमा बेरोजगारी दर बढ्दो क्रममा रहेका छन्। रोजगारीसंग अन्तरसम्बन्धित रहेका गरिबी न्यूनीकरण, सीप तथा क्षमताको विकास, रोजगारीका अवसरमा विपन्न वर्गको पहुँच स्थापना गर्ने कार्यमा समेत स्थानीय तहको भूमिका अपरिहार्य रहेको छ।

यस नगरपालिकामा आन्तरिक रोजगारीका सम्भावित अवसरहरु सृजनामा अहम् भूमिका निर्वाह गर्न सक्ने मुख्य सम्भावित क्षेत्रहरु कृषि क्षेत्र, निर्माण क्षेत्र, उत्पादन क्षेत्र, उद्योग क्षेत्र, यातायात क्षेत्र, पर्यटन क्षेत्र, उद्यमशीलता विकास र सीप तथा क्षमता विकास हुन्। उक्त क्षेत्रहरुमा के कति लगानी गर्दा वा के कति लगानी वृद्धि गर्दा आन्तरिक रोजगारी अवसरहरु अधिक रुपमा वृद्धि गर्न सकिन्छ, नगरपालिकाले के केस्तो रणनीति अपनाउँनु पर्छ वा कुन क्षेत्रलाई मुख्य प्राथमिकतामा राख्नु पर्छ, सम्भावित रोजगारीका क्षेत्रहरुमा गरिएको लगानीलाई प्रभावकारी रुपमा परिचालन गर्न सकेमा दीर्घकालमा त्यसले आन्तरिक रोजगारीमा के कस्तो योगदान गर्न सक्छ, त्यसको आंकलन गर्न जरुरी रहेको छ।

नेपालमा बढदै गएको बेरोजगारी दरमा कमी ल्याउन स्थानीय स्तरमा कृषि, वन, पर्यटनमा आधारित उद्योगधन्दा कलकारखानाको माध्यमबाट थप रोजगारीका अवसरहरु सृजना गर्नु पर्दछ। अदक्ष तथा सीप नभएका बेरोजगार युवाहरुलाई सीपमूलक तालिमको माध्यमबाट दक्ष एवं सीपयुक्त जनशक्ति तयार गरी उद्योग तथा कलकारखानाहरुमाआपूर्ति गरी औधोगिक उत्पादनमा वृद्धि गर्नुको साथसाथै लघु, घरेलु तथा साना उद्योगहरुको माध्यमबाट स्थानीय स्तरमा उपलब्ध श्रम, सीप, स्रोत र साधनको अधिकतम् परिचालन तथा उपयोग गरी स्थानीय तहभित्रै स्वरोजगारी वा रोजगारीका थप अवसरहरु सिर्जना गर्नु आवश्यक रहेको छ।

यस नगरपालिकामा हुने विभिन्न निर्माण क्षेत्रहरुमा आवश्यक दक्ष जनशक्तिको रुपमा काम गर्ने ईलेक्ट्रिसीयन, प्लम्बर, पेन्टर, कारपेन्टर, मैसन, स्काफोल्डर, मार्बल फिटिङ्ग लगायत अन्य श्रमिक

मजदुरहरु मध्ये अधिकांश भारतीय मुलुकका रहेका छन्। यी क्षेत्रमा नेपाली श्रमिक मजदुरहरु अदक्ष कामदारको रुपमा काम गर्ने गर्दछन्। यस क्षेत्रमा रोजगारीका सम्भावनाहरु प्रशस्त रहेकोले बजारको मागको आधारमा दक्ष, सीपयुक्त जनशक्ति तयार गरी बजारमा दक्ष जनशक्तिको आपूर्ति गरी भारतीय मुलुकका श्रमिक मजदुरहरुलाई विस्थापित गर्दै जानु पर्ने देखिन्छ। पर्यटन क्षेत्र रोजगारीको प्रचुर सम्भावना तथा मुख्य स्रोतहरु मध्ये एक हो। नगरपालिकाभित्रको प्राकृतिक, धार्मिक, मौलिक, पुरातात्विक एवं सांस्कृतिक सम्पदा, तराईका फाँटहरु, जल विहार आदि पर्यटनको मुख्य आधार क्षेत्र रहेको छ। यी सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र विविधीकरण गरी नयाँ नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान, विकास, प्रवर्द्धन गर्दै यस क्षेत्रमा थप रोजगारीका अवसरहरु सिर्जना गर्न सकिन्छ। उद्यमशीलता र उत्पादन स्वरोजगारीको महत्वपूर्ण साधनको रुपमा रहेको छ। स्थानीय स्तर देखि नै उत्पादन र उत्पादकत्व वृद्धि गर्न तथा स्वरोजगारी सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई गतिशिलता प्रदान गर्न उद्यमशीलताको विकास अपरिहार्य रहेको छ। बढ्दो बेरोजगारी समस्यालाई सम्बोधन गर्न तथा बेरोजगारहरुलाई स्वरोजगार बनाउन स्थानीय तहले स्वरोजगार हुन चाहने बेरोजगार युवाहरुलाई लक्षित गरी स्थानीय स्तरमा उपलब्ध श्रम, श्रोत साधन, पूँजी र प्रविधिको उपलब्धताको आधारमा रोजगार सेवा केन्द्र मार्फत वित्तीय पहुँच, व्यवसायिक सीप विकास तालिमहरु सञ्चालन गरि दक्ष, सक्षम र उत्पादनशील जनशक्ति उत्पादन गर्नु पर्छ। वैदेशिक रोजगारीबाट प्राप्त सीप, पूँजी, प्रविधिलाई उद्यमशीलताको विकास र प्रवर्द्धनमा परिचालन गरि नगरपालिकाभित्र आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गरि नगरपालिकाभित्रबाट बाध्यात्मक रुपमा वैदेशिक रोजगारीमा जाने क्रमलाई निरुत्साहित गर्दै जानु पर्दछ।

लुम्विनी प्रदेश अन्तर्गतका बाह्र जिल्लाहरु मध्ये एक हो कपिलवस्तु जिल्ला। कपिलवस्तु जिल्लामा रहेका दश स्थानीय तहहरु मध्येको एक स्थानीय तह हो शिवराज नगरपालिका। शिवराज नगरपालिका भौगोलिक अवस्थितिगत रूपमा २७ डिग्री ३४ मिनेट ६ सेकेण्डदेखि २७ डिग्री ४७ मिनेट ४४ सेकेण्ड उत्तरी अक्षांश र ८२ डिग्री ४३ मिनेट ५२ सेकेण्ड देखि ८२ डिग्री ५६ मिनेट ७ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ। समुन्द्र सतहको ७०० फिट देखि १००० फिट सम्मको उचाईमा रही २८४.०८ किमि क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको पूर्बमा बुद्धभूमि नगरपालिका, पश्चिममा विजयनगर गाउँपालिका, उत्तरमा अर्घाखाँची र दाङ्ग जिल्ला र दक्षिणमा कृष्णनगर र महाराजगञ्ज नगरपालिका रहेको छ। यस नगरपालिकामा हाल ११ वटा वडा कायम रहेका छन्। पूर्व पश्चिम लोकमार्गको दायाँ बायाँ रहेको यस नगरपालिका जिल्ला सदरमुकाम तौलिहवा देखि करिव ५० किमि सडक दुरीमा अवस्थित रहेको छ। शान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थल लुम्बिनीको निकट पश्चिममा अवस्थित ऐतिहासिक स्युराज क्षेत्र तथा प्रसिद्ध धार्मिक स्थल

शिवगढीका नामबाट नामाकरण गरिएको शिवराज नगरपालिका नेपाल सरकारको मिति २०७१ मा साविक शिवपुर, वीरपुर, चनई, विसुनपुर र जवाभारी गाविसलाई समावेश गरी स्थापना गरिएको हो। नेपाल सरकारको मिति २०७३ साल फागुन २७ गतेको निर्णय अनुसार साविकका शिवगढी, थुन्हिया र लालपुर गाविस समेतलाई मिलाएर शिवराज नगरपालिकाको पुर्नसंरचना गरिएको हो। यस नगरपालिका लुम्बिनी प्रदेश अन्तरगत कपिलवस्तु जिल्लामा रहेका कूल ६ नगरपालिका र ४ गाउँपालिका मध्ये एक हो। प्रतिनिधी सभा निर्वाचनका लागि तोकिएका जिल्लाका कूल ३ निर्वाचन क्षेत्र मध्ये क्षेत्र नं ३ मा पर्दछ भने प्रदेशसभा निर्वाचन प्रयोजनका लागि कायम गरिएको निर्वाचन क्षेत्रको लागि क्षेत्र नं ३(ख) मा रहेको छ। नगरपालिकाको केन्द्र चन्द्रौटा बजारमा रहेको छ।

नगरपालिकाले आफ्नो क्षेत्रभित्र निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुमा सिर्जना हुन सक्ने रोजगारीका अवसरहरुको पहिचान गरि नाक्सांकन गर्न जरुरी छ। पहिचान भएका क्षेत्रहरुमा के कस्तो प्रकृतिको श्रमिक कति संख्यामा आवश्यक छ र त्यस्तो श्रमिकको उपलब्धताको अवस्था के छ। श्रमिकहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप वा दक्षताको अनुमान गरि माग र आपूर्ति बीच सन्तुलन कायम गर्नु पर्दछ। स्थानीय तहले जनसांख्यिक विवरण, रोजगारीको अवस्था र रोजगारी सिर्जना हुन सक्ने क्षेत्र तथा संख्या पहिचान गरी रोजगारीको सम्भाव्यता, सीप विकास, रोजगार गन्तव्यको नक्सांकन, आप्रवासन तथा स्वरोजगारमूलक क्रियाकलाप लगायतको विश्लेषण सहितको स्थानीय रोजगार रणनीति तर्जुमा गर्नु अपरिहार्य रहेको देखिन्छ। रोजगार रणनीतिले स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरुको विकास गर्न सहयोग पुग्नेछ।

**रणनीतिक योजनाको आवश्यकता**

यस रोजगार रणनीतिक योजनाको आवश्यकता निम्न अनुसार रहेको छ।

- आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान, सिर्जना तथा प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य गर्न,
- रोजगारीको क्षेत्रमा रहेका समस्याहरुको समाधान गरि रोजगारी सिर्जनाका नवीनतम् उपाय एवं विधिहरुको विकास गर्न,
- श्रम बजारको माग एवं उपलब्ध अवसर अनुसार दक्ष, व्यवसायिक, सीपयुक्त र प्रतिस्पर्धी श्रमशक्ति तयार गर्न,
- रोजगार सेवा केन्द्रलाई सक्षम र जवाफदेही बनाई नयूनतम् रोजगारीको प्रत्याभूति गर्न.

- श्रम तथा रोजगारीको हकलाई कार्यान्वयन गर्न,
- वैदेशिक रोजगारीबाट प्राप्त पूँजी, सीप, ज्ञान, प्रविधि र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा लगाउन उद्यमशिलताको विकास तथा प्रवर्द्धन गर्न.
- सुरक्षित आप्रवासन र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनः एकीकरणमा सहयोग र सहकार्य गर्न,
- श्रम बजारमा विपन्न वर्गको सहज पहुँच स्थापना गर्न,
- श्रम बजारको माग र आपूर्ति बीच सन्तुलन कायम गर्न,
- श्रम प्रति सम्मान गर्ने संस्कृतिको विकास गर्न।

**अध्ययन पद्धति**

स्थानीय तहको रोजगार रणनीतिका लागि आवश्यक पर्ने सूचना, तथ्याङ्क संकलन गर्न स्थानीय तहको रोजगार रणनिति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० ले निधारण गरेका अनुसूची २ र ३ मा प्रश्नावलीहरुलाई प्रयोग गरिएको छ साथै सरोकारवालासँगको अन्तरक्रिया गरी प्राथमिक सूचना संकलन गरिएको छ। त्यसै गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कानूनी तथा नीतिगत व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमका राम्रा पक्ष र उपलब्धी, बैदेशिक रोजगार विभाग, विधिमा आधारीत भएर रणनीति योजना तयार गरिएको छ।

**रोजगारीका क्षेत्रहरु**

यस नगरपालिकाभित्र सृजना हुन सक्ने आन्तरिक रोजगारीका सम्भावित मुख्य क्षेत्रहरु देहाय अनुसार रहेको छ।

१. कृषि क्षेत्र
२. निर्माण क्षेत्र
३. पर्यटन क्षेत्र
४. उद्यमशिलता
५. सेवा क्षेत्र (व्यापार व्यवसाय)
६. उद्योग क्षेत्र
७. सूचना प्रविधि
८. वित्तीय क्षेत्र
९. वैदेशिक रोजगारी
१०. वन तथा वातावरण

**सीमा**

शिवराज नगरपालिकाको ११ वटै वडा भित्र रहेर स्थानीय तहको रोजगार रणनीति तयार गरिने छ। यसमा शिवराज नगरपालिकाको सामाजिक, आर्थिक, जनसंख्याको बनौट, उत्पादनशील क्षेत्रको अवस्था, रोजगारीका सृजना हुन सक्ने क्षेत्र, सीपयुक्त जनशक्ति तयार सम्बन्धि सिमा रहेका छन्।

## 2. वर्तमान अवस्था र रणनैतिक विश्लेषण

नेपालको संविधान, २०७२ को धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रम सम्बन्धी हकलाई मौलिक हकको रुपमा समेटिएको छ रोजगारीको हकमा प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक र रोजगारीको छनौट गर्न पाउने हक हुनेछ भनिएको छ। संविधानको धारा ५१ को खण्ड (झ) मा श्रम र रोजगार सम्बन्धी नीति समावेश गरिएको छ। जसमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने, श्रमिक र उद्यमी व्यवसायी बीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अंगिकार गरेको छ। प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायता प्रदान गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी भई कार्यान्वयनमा रहेको छ। रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा बेरोजगार ब्यक्तिलाई न्यूनतम् एक सय दिनको रोजगारीको व्यवस्था गरिएको छ।

मुलुकको जनशक्तिलाई अन्तराष्ट्रिय बजारको माग अनुरुप ज्ञान र सीप प्रदान गरि दक्ष, क्षमतावान र प्रतिस्पर्धी श्रमशक्तिको रुपमा विकास गर्दै उनीहरुको प्रवेशलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यका साथ वैदेशिक रोजगार नीति, २०६८ कार्यान्वयन भई रहेको छ। नेपालमा उपलब्ध श्रमशक्तिलाई प्रतिस्पर्धी बनाई सक्षम श्रम बजारको माध्यमद्वारा उत्पादनशील, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई गरिबी निवारणमा योगदान पुर्याउने दुरदृष्टि रहेको राष्ट्रिय रोजगार रणनीति, २०७१ कार्यान्वयनमा रहेको छ। पन्ध्रौ योजनाले सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरको उपलब्धता गराउने सोंचका साथै उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरि बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेख्य रुपमा कमी ल्याउने लक्ष्य राखेको छ। नेपाल श्रम शक्ति सर्वेक्षण, २०७४ अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ भने पुरुषको र महिलाको बेरोजगारी

दर क्रमशः १०.३ र १३.१ प्रतिशत रहेको छ। यसै गरी शहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी रहेको छ। नेपालको श्रमशक्ति सहभागिता दर ३८.५ प्रतिशत रहेको छ। यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत रहेको छ।यसै गरी पुरुष र महिलाको श्रमशक्तिमा सहभागिता दर क्रमशः ५३.८ प्रतिशत र २६.३ प्रतिशत रहेको छ।रोजगारमा रहेको जनसंख्यालाई प्रदेश अनुसार हेर्दा सबैभन्दा बढी ४३.८ प्रतिशत बाग्मती प्रदेशमा र सबैभन्दा कम २४.१ प्रतिशत सुदुरपश्चिम प्रदेशमा रहेको छ। बेरोजगारी दरलाई प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी मधेश प्रदेशमा २०.१ प्रतिशत र सबैभन्दा कम बाग्मती प्रदेशमा ७ प्रतिशत रहेको छ।

नेपालको सबै प्रदेशहरुमा बेरोजगारी दर फरक फरक रहेको देखिन्छ।यसको अर्थ सबै प्रदेशहरुमा रोजगारीका अवसरहरु पनि समान रुपमा रहेको देखिदैन।जसको परिणाम स्वरुप श्रम बजारको माग र आपूर्ति बीचको सन्तुलन समेत नभएको देखाउँछ।प्रदेश अनुसार श्रमशक्तिमा सहभागिता दर सबैभन्दा बढी बाग्मती प्रदेशमा ४७.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २७.३ प्रतिशत रहेको छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या ८४८१० मध्ये पुरुष जनसंख्या ४१३२८  (४८.७३ प्रतिशत) र महिला जनसंख्या ४३४८२(५१.२ प्रतिशत) रहेको छ।जसमध्ये १४ वर्ष वा सो भन्दा कम उमेर समूहका जनसंख्या २७१९४ (३२.१ प्रतिशत), १५ देखि ५९ वर्ष उमेर समूहका जनसंख्या ५०६८१ (५९.७५ प्रतिशत) र ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका जनसंख्या ६९३५ (८.१५ प्रतिशत) रहेका छन्।शिवराज नगरपालिकामा १० वर्ष र सो भन्दा माथिका व्यक्तिहरुको कुल जनसंख्या ६७५२३ मध्ये आर्थिक रुपमा सक्रिय जनसंख्या ३९२८२ (५८.१७ प्रतिशत) रहेको छ भने आर्थिक रुपमा निस्क्रिय व्यक्तिको जनसंख्या २८२४१ (४१.८३ प्रतिशत) रहेको छ।

वि.सं. २१०० सम्म सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसर उपलब्ध गराउने नेपाल सरकारको दीर्घकालीन सोंच रहेको छ भने तीब्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने दीर्घकालीन राष्ट्रिय रणनीति रहेको छ।पन्ध्रौ योजनाले आ.व. २०८०/८१ सम्ममा श्रमशक्ति सहभागिता दर ४९ प्रतिशत र वि.सं. २१०० सम्ममा ७२ प्रतिशत पुर्‍याउने लक्ष्य राखेको छ।त्यस्तै आ.व. २०८०/८१ सम्ममा रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशत र विसं २१०० सम्ममा ७० प्रतिशत पुर्‍याउने लक्ष्य रहेको छ । हाल नेपालको बेरोजगारी दर ११.४ प्रतिशतलाई वि.सं. २१०० सम्ममा ३ प्रतिशतमा झार्ने सरकारको दीर्घकालीन लक्ष्य रहेको छ।

## 3. रणनैतिक सवालहरु

### रोजगारीका समस्या र चुनौतीहरु

रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु, वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, पूँजी र प्रविधिको परिचालन हुन नसक्नु, घरेलु तथा साना उद्योगधन्दाको कमी हुनु, उद्यमशिलता एवं स्वरोजगारलाई प्रवर्द्धन गर्न नसक्नु, सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न नसक्नु,काम प्रति सम्मानको कमी हुनु, श्रम, सीप र उत्पादनबीच तादम्यता कायम हुन नसक्नु, उत्पादनशील रोजगारी पर्याप्त रुपमा सृजना हुन नसक्नु, श्रम बजार सूचना प्रणालीको अभाव हुनु, स्थानीय रोजगारदाताहरुको पहिचान एवं सूचीकरण नहुनु, श्रम तथा रोजगार सम्बन्धी स्थानीय नीति नियमको अभाव हुनु आदि रोजगारीका समस्याहरु रहेको छ।

रोजगारी तथा श्रम सम्बन्धी हकलाई कार्यान्वयन गर्नु, रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउनु, नगरपालिकामा रहेका रोजगारीका अवसरहरुको पहिचान तथा नक्सांकन गर्नु, श्रम बजारको माग अनुसारको सीपमूलक दक्ष जनशक्ति तयार गर्नु, रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्नु, श्रम बजारको माग अनुसारको जनशक्ति आपूर्ति गर्न नसक्नु, स्थानीय पाठ्यक्रमलाई व्यावहारिक र रोजगारमलूक बनाई उद्यमशीलिता विकास गर्नु आदि रोजगारीका मुख्य चुनौतीहरुको रहेको छ।

### रोजगारीका अवसरहरु

श्रम तथा रोजगारी सम्बन्धी हक नेपालको संविधानमा मौलिक हकको रुपमा स्थापित हुनु, श्रम तथा रोजगारमैत्री कानूनहरु निर्माण हुनु, रोजगार सेवा केन्द्रको स्थापना हुनु, श्रम तथा रोजगारी सम्बन्धी सेवाहरु स्थानीय तहसम्म विस्तार हुदै जानु, न्यूनतम रोजगारीको प्रत्याभूतिको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन हुनु, रोजगारीका सम्भावित अवसरहरुको पहिचान गर्नु, न्यूनतम् पारिश्रमिकको कानूनी व्यवस्था हुनु, युवाहरुमा उद्यमशील भावनाको विकास हुदै जानु, आर्थिक गतिविधिहरुमा बढोत्तरी हुनु, लगानीमैत्री वातावरणको अवस्था तयार हुदै जानु, प्राविधिक शिक्षामा सर्वसाधारणको पहुँच विस्तार हुदै जानु, जनसांख्यिक लाभको अवस्था अझै केहि वर्ष कायमै रहनु आदि अवसरहरु रहेका छन्।

### रणनीतिक योजना तर्जुमाका कानूनी आधार

यो रणनीतिक योजना तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित रोजगारी तथा श्रम सम्बन्धी मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, रोजगारीको हक सम्बन्धी ऐन र नियमावली, राष्ट्रिय रोजगार नीति, वैदेशिक रोजगार नीति, पन्ध्रौ योजना, पाँच वर्षे रणनीतिक योजना, प्रधानमन्त्री रोजगार

कार्यक्रम सञ्चालन निर्देशिका, दिगो विकासका लक्ष्य, नेपाल सरकारले श्रम तथा रोजगारी सम्बन्धी गरेका अन्तराष्ट्रिय सम्झौता एवं प्रतिबद्धता, मधेश प्रदेश सरकारको प्रथम आवधिक योजना, नीति तथा कार्यक्रम, शिवराज नगरपालिकाको स्थानीय नीति, योजना तथा प्रतिबद्धताहरुलाई रणनीतिक योजना तर्जुमाको आधार मानेको छ।

## 4. दूरदृष्टि, ध्येय र उद्देश्य

**सोंच**

दक्ष, सीपयुक्त र प्रतिस्पर्धी श्रमशक्ति तयार गरी उत्पादनशील रोजगारीमा संलग्न गराई आयआर्जन, जीविकोपार्जन र गरिबी तथा बेरोजगारी न्यूनीकरणमा सहयोग गर्ने।

**लक्ष्य**

रोजगारीका अवसरहरुको पहिचान गरि सोही अनुरुपको प्रतिस्पर्धात्मक, दक्ष र क्षमतावान जनशक्ति उत्पादन गरी श्रम बजारको मागलाई आपूर्ति गर्ने।

**उद्देश्यहरु**

(१) उत्पादनशील र मर्यादित रोजगारीका अवसरहरुमा वृद्धि गर्नु,
(२) न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु,
(३) दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्नु,
(४) सबै प्रकारका श्रम शोषणको अन्त्य गर्नु,
(५) वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउनु,
(६) आप्रवासीहरुको सामाजिक एवं आर्थिक रुपमा पुनः एकीकरण गर्नु,
(७) रोजगारमैत्री लगानी प्रोत्साहन गर्नु।

## 5. रणनैतिक लक्ष्यहरु

- बेरोजगार नागरीकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु।
- श्रोत साधनलाई एकिकृत गरी रोजगारीमा केन्द्रित गर्नु।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउनु।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु।
- रोजगारीको माग र आपूर्तिको ढाँचा तयार गर्नु।
- लघु उद्यम विकासलाई स्वरोजगारमा केन्द्रित गराउनु।
- वैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा सेवा संचालन गर्नु।
- बैदेशिक रोजगारीबाट फर्किएका युवालाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु।

- कृषि बनपैदावर।
- उद्योग तरकारी, फलफूल खेती, मसाला बाली,जडिवुटी मार्फत दीगो रोजगारलाई सुनिश्चित गर्नु।

## 6. रणनीतिहरु

६ .1. आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्ने।

६ .2. श्रम बजारको माग अनुसारको दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने।

६ .3. रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउँदै बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराई रोजगारीको हकलाई कार्यान्वयन गर्ने।

६ .4. श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्दै उपलब्ध आन्तरिक रोजगारीका अवसरहरुमा श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गर्ने।

६ .5. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गर्ने।

६ .6. स्थानीय अर्थतन्त्रलाई गतिशील एवं सुदृढ बनाउन नविन सोंच, सीप र प्रविधिको उपयोग गरि उद्यमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने।

६ .7. श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने।

६ .8. शिवराज नगरपालिकाले संचालन गर्ने मेयर रोजगार कार्यक्रम लगायत सबै रोजगार कार्यक्रमलाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्दै स्थानीय स्तरमा सञ्चालनमा रहेका उद्योगहरुबाट सृजना हुने रोजगरिका अवसरहरुमा स्थानीयबासीको पँहुच र उपभोग सुनिश्चित गर्ने।

## 7. कार्यनीति

**७.१** रणनीति ६.१ "आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्ने" संग सम्बन्धित कार्यनीतिहरु

7.1.1. नगरपालिकाभित्र आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान एवं रोजगार सम्बद्ध सेवा तथासरोकारवालाहरुको नक्सांकन गरिनेछ।

7.1.2. आन्तरिक रोजगार प्रवर्द्धन गर्नका लागि अन्तर सरकार समन्वय र सहकार्य गरिनेछ।

7.1.3. रोजगारीका थप अवसर सृजना गर्नका लागि नगरपालिकाभित्र औधोगिक ग्राम स्थापनाका लागि संघीय र प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिनेछ।

7.1.4. गरिबी न्यूनीकरण र रोजगारी सृजना सम्बन्धी कार्यहरुलाई एकीकृत रुपमा सञ्चालन गर्न आवश्यक नीति निर्माण गरी अन्य तह, निकाय र सरोकारवालाहरुसंग समन्वय तथा सहकार्य गरिनेछ।

**७.२** रणनीति ६.२ "श्रम बजारको माग अनुसारको सीपयुक्त दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गर्ने" संग सम्बन्धित कार्यनीतिहरु

७.2.1 विश्व श्रम बजारमा स्वचालन (Automation) र कृत्रिम बौद्धिकता (Artificial Intelligence-AI) को प्रयोग बढदै गएको सन्दर्भमा सूचना प्रविधिको क्षेत्रमा अधिक रोजगारीका अवसरहरु सृजना हुने भएकोले विद्यालय तहदेखि नै प्राविधिक शिक्षा सञ्चालन गरिनेछ।

७.2.2 गन्तव्य मुलुकको श्रम बजारको माग अनुरूप दक्ष जनशक्ति तयार गरिनेछ।

७.2.3 स्थानीय आवश्यकता र प्राथमिकतालाई मध्यनजर गरी स्थानीय स्रोत साधन र श्रमशक्तिको भरपुर उपयोग मार्फत कृषिको व्यवसायीकरण र विविधीकरण गरी उपलब्ध युवा श्रमशक्तिहरुलाई कृषिमा आधारित पेशा व्यवसायमा आकर्षित गरिनेछ।

७.2.4 निर्माण क्षेत्रमा दिगो रोजगारीका अवसरहरु सृजना गर्न विभिन्न किसिमका सीपमूलक तालिमहरु जस्तैः ब्रिक मेसन, प्लम्बर, ईलेक्ट्रिसियन, पेन्टिङ्ग, स्काफोल्डर लगायत अन्य तालिमहरु सञ्चालन गरि निर्माण क्षेत्रसंग सम्बन्धित दक्ष जनशक्ति उत्पादन गरि स्थानीय श्रम बजारमा आपूर्ति गरिनेछ।

७.2.5 स्थानीय तहमा नयाँ नयाँ पर्यटन क्षेत्रको पहिचान, विकास र विस्तार गरि पर्यटन क्षेत्रमा आवश्यक जनशक्ति आपूर्ति गर्न होटेल व्यवसाय, होम-स्टे, अतिथि सत्कार जस्ता विषयसंग सम्बन्धित सीप विकासका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गैर सरकारी संघसंस्था तथा निजी क्षेत्रसंग समन्वय र सहकार्य गरि रोजगारी सृजना गरिनेछ।

७.2.6 गरिबी न्यूनीकरणमा सहयोग पुग्ने गरि विभिन्न निकाय एवं क्षेत्रबाट सञ्चालित प्राविधिक तथा व्यवसायिक रोजगारमूलक एवं सीपमूलक तालिमहरुमा समेत सहकार्य गरिनेछ।

७.2.7 रोजगारीको क्षेत्रमा बढदै गरेको प्रविधिको प्रयोगलाई मध्यनजर गरि अधिकतम रोजगारी सृजना हुने क्षेत्रहरुको पहिचान गरि नवीनतम सीप विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

७.2.8 रोजगार तथा स्वरोजगारमूलक शिक्षा र सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिरहेका सरकारी, गैरसरकारी एवं निजी क्षेत्रसंग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

७.2.9 स्थानीय स्तरमा उपलब्ध श्रम, श्रोत साधन, पुँजी र प्रविधिको उपलब्धताको आधारमा विभिन्न किसिमका सीपमूलक, रोजगारमूलक, व्यावसायिक तथा प्राविधिक तालिमहरू सञ्चालन गरि दक्ष, सक्षम र उत्पादनशील जनशक्ति उत्पादन गर्न **स्थानीय स्वरोजगार कोषको** स्थापना गरिनेछ ।

७.2.10 रोजगारमूलक तथा सीपमूलक तालिमहरु सञ्चालन गरि दक्ष जनशक्ति निर्माण गर्न बहुविषयगत सीप विकास तालिम केन्द्र स्थापना गरिनेछ।

**७.३** रणनीति ६.३ "रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउँदै बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराई रोजगारीको हकलाई कार्यान्वयन गर्ने" संग सम्बन्धित कार्यनीतिहरु

रोजगार संवाद मञ्चलाई गतिशिल बनाई दिगो रुपमा रोजगारीका अवसरहरु सृजना गर्न रोजगार सम्बद्ध सरोकारवालाहरुसंगको छलफल र सहभागितामा आवश्यक रोजगारयोग्य (Employability) कार्यक्रमहरु सञ्चालन गर्न गैर सरकारी संघसंस्था एवं निजी क्षेत्रसंग समन्वय गरिनेछ।

१. स्थानीय तहभित्रको अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्न सम्भावित औपचारिक क्षेत्रहरुको पहिचान गरि रोजगारमैत्री कार्यक्रमहरु सञ्चालन गरि रुपान्तरण गरिदै लगिनेछ।

२. नगरपालिकाको विकास निर्माण आयोजनाहरुमा समेत बेरोजगार व्यक्तिहरुलाई परिचालन गरिनेछ।

३. रोजगार विनिमय सेवा सञ्चालन गर्न रोजगार सेवा केन्द्र र कर्मचारीको क्षमता विकास एवं सुदृढीकरण गरिनेछ।

४. रोजगारीको खोजीमा रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रबाट एकीकृत श्रम तथा रोजगारमूलक सेवा उपलब्ध गराईनेछ।

५. स्थानीय तहमा उपलब्ध सीप, अनुभव र योग्यताको आधारमा रोजगारीका अवसर उपलब्ध नभएमा अन्तर तह वा निकायसंग समन्वय गरि उपलब्ध रोजगारीका अवसरहरुमा आवश्यक पहल गरि पदस्थापन गरिनेछ।

६. रोजगारी सिर्जनाका लागि विभिन्न निकायबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनामा बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रदान गर्नको लागि आवश्यक समन्वय गरिनेछ।

७. तिनै तहको सरकारको सक्रिय सहभागिता र साझेदारीमा रोजगार कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८. रोजगारी सिर्जनाका लागि रोजगार सेवा केन्द्रलाई सक्षम र जवाफदेही रुपमा संस्थागत क्षमता विकास गरिनेछ।

९. नगरपालिकाभित्र संचालन गरिने विभिन्न विषयको छोटो वा लामो अवधिको सीपमूलक तथा रोजगारमूलक तालिमहरुलाई रोजगार सेवा केन्द्र संगको समन्वय मार्फत सञ्चालन गरिनेछ।

१०. दक्ष, सक्षम र क्षमतावान जनशक्तिको विकास एवं आन्तरिक रोजगारीको प्रवर्धन गर्न सूचिकृत बेरोजगारहरुलाई आवश्यक सीपमुलक तथा रोजगारमूलक तालिम सञ्चालन गरिनेछ।

११. रोजगारीको अवसरको खोजीमा रहेका व्यक्तिहरुलाई रोजगारीमा पदस्थापना, प्रोत्साहन तथा सहजीकरण गर्न रोजगार मेलाको सञ्चालन गरिनेछ।

१२. महिलाहरुलाई श्रम बजारमा प्रवेश वा पुनः प्रवेश गराउन आवश्यक सीप तथा क्षमता विकास गर्न, परामर्श तथा मार्गदर्शन उपलव्ध गराउन तयारी क्लवको सञ्चालन गरिनेछ।

१३. आन्तरिक एवं वैदेशिक रोजगारी, स्वरोजगारी, श्रम बजार, रोजगारमूलक सेवा सम्बन्धी परामर्श एवं रेफरल सेवा सुविधा प्रदान गरिनेछ।

१४. विभिन्न मन्त्रालय एवं मातहतका निकायहरुबाट सञ्चालन हुने श्रम तथा रोजगार, वैदेशिक रोजगार, सुरक्षित आप्रवासन, पुनः स्थापना र पुनः एकीकरण सम्बन्धी कार्यक्रमको सञ्चालनमा समन्वय, सहकार्य र सहजीकरण गरिनेछ ।

**७.४** रणनीति ६.४ "श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्दै उपलब्ध आन्तरिक रोजगारीका अवसरहरुमा श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गर्ने" संग सम्बन्धित कार्यनीतिहरु

7.4.1 दलित महिला, शहिद परिवार, एकल महिला, अपाङ्ग तथा बञ्चितीकरणमा परेका वर्गहरुलाई लक्षित गरि रोजगारयोग्य कार्यक्रम चलाईनेछ।

रोजगारीको क्षेत्रमा देखा पर्ने लैंगिक, भौगोलिक, जातिगत वा अन्य सबै प्रकारको भेदभावलाई निराकरण गर्न श्रमको सम्मान, राष्ट्रको अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

7.4.2 बालश्रम, बाध्यकारी श्रम लगायत सबै प्रकारको श्रम शोषणलाई अन्त्य गर्न आवश्यक सचेतनामूलक कार्यक्रमहरु र बालश्रम गुरुयोजनाको प्रभावकारी कार्यान्वयनमा आवश्यक सहयोग र सहकार्य गरिनेछ।

7.4.3 स्थानीय स्तरमा श्रम विवाद समाधान गर्न एवं असल श्रम सम्बन्ध विकास गर्न सरोकारवालाहरुसंग नियमित सम्वाद गर्न स्थानीय रोजगार सम्वाद मञ्चलाई सक्षम बनाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

7.4.4 रोजगारदाताले कुनै श्रमिकलाई काममा लगाए वापत सरकारले तोकेको ज्याला दर अनुसारको पारिश्रमिक उपलब्ध नगराउने रोजगारदातालाई आवश्यक कानूनी कारवाहीको लागि सम्बन्धित निकायमा पहल गरिनेछ।

**७.५** रणनीति ६.५ "वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गर्ने" संग सम्बन्धित कार्यनीतिहरु

7.5.1 वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई लक्षित गरि वैदेशिक रोजगारीका अवसर, चुनौती र जोखिमहरुको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरि सचेतना अभिवृद्धि गरिनेछ।

7.5.2 वैदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि आवश्यक पर्ने पूर्व प्रस्थान अभिमुखकरण तालिम (Pre- departure Orientation Training) सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

7.5.3 वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजीकरण एवं परामर्श सेवा प्रदान गरिने।

7.5.4 वैदेशिक रोजगारीबाट फर्केका पिडितहरुका लागि मनोसामाजिक परामर्श, कानूनी परामर्श, रेफरल सेवा लगायतका अन्य सेवाहरु सञ्चलान गरि पुनः एकीकरण गरिनेछ।

7.5.5 वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति तथा तिनका परिवारहरुलाई लक्षित गरि सामाजिक, आर्थिक र मनोसामाजिक रुपमा पुनः एकीकरणका लागि आवश्यक कार्यकम सञ्चालन गर्न संघीय सरकार, प्रदेश सरकार र गैर सरकारी संघसंस्थाहरुसंग समन्वय र सहकार्य गरिनेछ।

7.5.6 वैदेशिक रोजगारीमा रहेका श्रमिक र तिनका परिवार लक्षित कल्याणकारी सेवाहरुको वितरणमा आवश्यक सहयोग गरिनेछ।

7.5.7 वैदेशिक रोजगारीका क्रममा मृत्यु, अंगभंग, स्वास्थ्य उपचार, राहत, उद्दार लगायतका आर्थिक सहायता सम्बन्धी सेवाहरु प्राप्त गर्न सहजीकरण गरिनेछ।

7.5.8 वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृति र पनुः श्रम स्वीकृतिमा सहिजीकरण गरिनेछ।

7.5.9 सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत उपकेन्द्र स्थापना गरिनेछ।

**७.६** रणनीति ६.६ "स्थानीय अर्थतन्त्रलाई गतिशील एवं सुदृढ बनाउन नविन सोंच, सीप र प्रविधिको उपयोग गरि उद्यमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने" संग सम्बन्धित कार्यनीतिहरु

7.6.1 श्रम प्रति सम्मान गर्ने संस्कृतिको विकास गर्दै युवा श्रमशक्तिहरुलाई सिर्जनशील, व्यवसायिक र उद्यमशील क्षमताको विकास गरी दक्ष जनशक्ति तयार गरिनेछ।

7.6.2 लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारमा सहयोग पुग्ने गरी युवाहरुमा नवप्रवर्तनशील एवं प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न विभिन्न किसिमको कार्यक्रमहरु सञ्चालन गरिनेछ।

7.6.3 वैदेशिक रोजगारीबाट आर्जन भएको ज्ञान, सीप र प्रविधिलाई प्रमाणीकरण गर्न सम्बन्धित निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ।

7.6.4 वैदेशिक रोजगारीबाट प्राप्त सामाजिक तथा आर्थिक विप्रेषणलाई नगरपालिकाभित्र उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न वित्तीय साक्षरता सम्बन्धी तालिम एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

7.6.5 उद्यमशिलता विकासमा सहकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरुलाई लगानी गर्न प्रोत्साहन गरि नयाँ उद्यमी सृजना गरि स्वरोजगारमा वृद्धि गरिनेछ।

7.6.6 वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक एवं आर्थिक विप्रेषणलाई उद्यमशिलता प्रवर्द्धनमा परिचालन गरि सम्मुनत नगर निर्माणमा उपयोग गरिने व्यवस्था गरिनेछ।

7.6.7 स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार लगायत वित्तीय क्षेत्र, गैरसरकारी क्षेत्रको सहयोग र सहकार्यमा वित्तीय साक्षरता (Financial Literacy) र वित्तीय पहुँच (Access to Financing) मार्फत स्थानीय तहमा उद्यमशिलता प्रवर्द्धन गरिनेछ।

7.6.8 वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई बचत गरि उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सचेतना अभिवृद्धि गरिनेछ।

7.6.9 स्वरोजगार हुन चाहने व्यक्तिहरुलाई विभिन्न बैंक तथा वित्तीय संस्था मार्फत सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

7.6.10 नयाँ नयाँ उद्यम व्यवसायको पहिचान र विकास गरी रोजगारी सृजना गरिनेछ।

7.6.11 स्वरोजगारका लागि उद्यमशीलता विकास तथा व्यवसायिक योजना निर्माणमा सहयोग र सहजीकरण गरिनेछ।

7.6.12 उद्यम व्यवसाय गर्न चाहने युवाहरूलाई उत्पादनशील व्यावसायिक योजनाको आधारमा स्थानीय स्वरोजगार कोषबाट अनुदान वा सहुलियत पूर्ण ऋण सुविधा उपलब्ध गराईनेछ।

7.6.13 उपलब्ध श्रोत साधनको आधारमा उद्यमशिलताको विकास, प्रवर्द्धन र व्यवस्थित गर्न उद्यम विकास रणनीतिक योजना तयार गरी कार्यान्वयन गरिनेछ।

7.6.14 उद्यम व्यवसाय सञ्चालन गर्न इच्छुक सूचीकृत बेरोजगार व्यक्तिहरुका लागि निःशुल्क व्यवसाय दर्ता गरिनेछ।

**७.७** रणनीति ६.७ "श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने" संग सम्बन्धित कार्यनीतिहरु

7.7.1 स्थानीय तहभित्रबाट वैदेशिक रोजगारीमा जाने तथा फर्किने व्यक्तिहरुको अभिलेख संकलन गरिनेछ ।

7.7.2 बालश्रम मुक्त स्थानीय तह घोषणा गर्न आवश्यक तथ्यांक संकलन गरिनेछ।

7.7.3 स्थानीय तहभित्र सञ्चालित उद्यम, व्यवसाय, प्रतिष्ठान, कम्पनीहरु लगायत अन्य निजी क्षेत्रको व्यवसायिक घरानाहरुमा रोजगारीमा रहेका व्यक्तिहरुको तथ्यांक संकलन गरिनेछ।

7.7.4 रोजगारीका लागि छिमेकी मुलुक भारत जाने कामदारहरुलाई स्थानीय तहमा दर्ता हुने नीतिगत व्यवस्था गरि परिचयपत्र जारी गरिनेछ र सो को अभिलेख दुरुस्त राखिनेछ।

7.7.5 आप्रवासन प्रोफाईल र श्रम तथा रोजगार प्रोफाईल तयार गरिनेछ।

7.7.6 स्थानीय तहभित्रका रोजगारदाताहरुको अभिलेखीकरण गरि उपलब्ध हुने रोजगारीको संख्याको आधारमा रोजगारीमा प्रतिस्थापन गरिनेछ।

7.7.7 स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गरिदै लगिनेछ।

7.7.8 सूचना प्रविधिको प्रयोग गरि स्थानीय तहभित्रका सबै घरधुरीहरुको सर्वेक्षण गरि गरिब घरपरिवारको पहिचान गर्दै परिचय पत्र वितरण गरिनेछ।

7.7.9 नगरपालिकाभित्रका विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिहरुको तथ्यांक संकलन एवं व्यवस्थापन गरिनेछ।

**७.८** रणनीति ६.७ " शिवराज नगरपालिकाले संचालन गर्ने मेयर रोजगार कार्यक्रम लगायत सबै रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै स्थानीय स्तरमा सञ्चालनमा रहेका उद्योगहरुबाट सृजना हुने रोजगरिका अवसरहरुमा स्थानीयबासीको पँहुच र उपभोग सुनिश्चित गर्ने " संग सम्बन्धित कार्यनीतिहरु

7.8.1 आन्तरिक रोजगारी सृजनाका लागि स्थानीय प्रविधिको उपयोग गरि स्थानीय स्तरमा उत्पादित वस्तुको खपत तथा उपभोग गर्न प्रचारप्रसारको व्यवस्था गरिनेछ।

7.8.2 स्थानीय स्तरमा उद्यमशीलता विकास तथा स्वरोजगारमूलक सेवाको विस्तार गरिनेछ।

7.8.3 उद्यमशिलता विकास तालिम सञ्चालन गरि स्वरोजगारी अभिवृद्धिमा जोड दिईनेछ।

## 8. रोजगार रणनीति कार्यान्वयन समिति

**८.१** यस नगरपालिकाभित्र रहेका रोजगारीका सम्भावित अवसरहरुको पहिचान गर्न, रोजगार सम्बद्ध सेवा एवं सरोकारवालाहरुको नक्सांकन गर्न, रोजगारीको हकको कार्यान्वयन लगायत रोजगारीका अन्य विषयमा आवश्यक नीति तथा रणनीतिहरुको तर्जुमा गर्ने काम स्थानीय निर्देशक समितिको रहनेछ। तर त्यस्तो नीति तथा रणनीतिसंग सम्बन्धित कार्यनीति एवं कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गर्न देहाय बमोजिमको रणनीति कार्यान्वयन समिति रहनेछ ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| संयोजकले तोकेका कम्तीमा एक जना महिला सहित दुई जना कार्यपालिका | सदस्य |
| आर्थिक विकास शाखा प्रमुख | सदस्य |
| सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| रोजगार संयोजक | सदस्य सचिव |

८.२ स्थानीय रोजगार रणनीति कार्यान्वयन समितिको सचिवालयको रुपमा रोजगार सेवा केन्द्रले कार्य गर्नेछ। समितिको बैठक चौमासिक रुपमा बस्नु पर्नेछ। बैठक बसेको सात दिनभित्र रणनीति कार्यान्वयनको अवस्था एवं सुधार गर्नु पर्ने पक्षहरुको बारेमा स्थानीय निर्देशक समितिलाई जानकारी गराउनु पर्नेछ। समितिले बैठक सम्बन्धी अन्य कार्यविधि आफैले तय गर्न सक्नेछ।

८.३ रणनीति कार्यान्वयनमा देखिएका समस्याहरुको समाधान गर्न वा आवश्यक अन्य विषयमा स्थानीय रोजगार सम्वाद मञ्चको सल्लाह सुझाव लिन सकिनेछ।

८.४ रणनीतिको सफल कार्यान्वयनका लागि रोजगार सम्बद्ध सरोकारवालाहरुसंग छलफल एवं अन्तरक्रिया गरि आवश्यकता अनुसार कार्ययोजना (मासिक, वार्षिक वा दीर्घकालीन) निर्माण गर्नेछ।

## 9. स्रोत व्यवस्थापन

यो रणनीतिक योजना कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रलाई आवश्यक स्रोत साधनको व्यवस्थापन नगर कार्यपालिकाले गर्नेछ यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि सरकारी क्षेत्र, निजी क्षेत्र, सहकारी, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था एवं अन्य विकास साझेदारहरुको आर्थिक एवं प्राविधिक स्रोत साधन परिचालन गर्नुको साथै समन्वय र सहकार्य समेत गर्न सकिनेछ।

## 10. अनुगमन तथा मूल्यांकन

स्थानीय निर्देशक समितिले रणनीति कार्यान्वयनको अनुगमन गरि सो को प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नेछ। अनुगमन प्रतिवेदनको आधारमा नगर कार्यपालिकाको

पृष्ठपोषण बमोजिम स्थानीय निर्देशक समितिले रोजगार सम्बद्ध सरोकारवालाहरुसंगको छलफल एवं परामर्शमा रणनीतिमा पुनरावलोकन एवं सुधार गर्न आवश्यक भएमा सुधार गर्नुपर्ने पक्षहरु समेटिएको प्रतिवेदन नगर कार्यपालिकालाई पेश गर्नु पर्नेछ। रणनीति कार्यान्वयनबाट पहिचान गरिएका विभिन्न क्षेत्रहरुमा रोजगारीका अवसरहरुमा भएको वृद्धि एवं देखिएको प्रभाव सम्बन्धमा स्थानीय निर्देशक समितिको राय परामर्शमा रणनीति कार्यान्वयन समितिले तेश्रो पक्षबाट रणनीतिको मूल्यांकन वा प्रभाव मूल्यांकन गर्न सकनेछ।

## 11. जोखिम पहिचान तथा व्यवस्थापन

रोजगार रणनीतिक योजना कार्यान्वयन गर्ने क्रममा केहि जोखिमहरु पनि आउन सक्ने सम्भावना रहेको देखिन्छ। रणनीतिक योजना कार्यान्वयनका क्रममा आउन सक्ने सम्भावित जोखिमहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

### ११.१ सम्भावित जोखिमहरु

क. स्रोतको व्यवस्थापन

ख. विभिन्न निकायहरु बीच समन्वय र सहकार्य

### ११.२ जोखिम व्यवस्थापनका लागि ध्यान दिनु पर्ने कुराहरु

१. रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि विकास साझेदारहरुसंग श्रोत व्यवस्थापनको लागि समन्वय र सहकार्य गर्ने,

२. रणनीतिक योजनामा समावेश भएका क्रियाकलापहरुलाई तहगत रुपमा वर्गीकरण गरि कुन वर्षमा के गर्ने भनि प्राथामिकीकरण गर्ने.

३. पालिकाभित्र रोजगारीको क्षेत्रमा काम गर्ने सम्पूर्ण निकाय एवं संघसंस्थाहरु बीच साझा बुझाई कायम गर्ने,

४. रणनीतिक योजना कार्यान्वय समितिमा रहेका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने,

५. रोजगारीका कार्यक्रम सञ्चालनको लागि आवश्यकता अनुसार विभिन्न निकाय, संघसंस्थाहरुसँग समन्वय, सहकार्य र सम्बन्ध विस्तार गर्ने।

*प्रमाणिकरण मिति :२०८१/०४/०६*

**आज्ञाले,**

**बाबुराम पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**